अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०३/२०८३-०८४ मिति २०८३/०६/२१ गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ ।

## संवत् २०८३ साल असोज २१ गते वसेको कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण

| क.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम भूमि प्रशासन सम्बन्धी कामकाज यसै गाउँपालिकाबाट गर्ने गरी आवश्यक तयारी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र सो सेवाको औपचारीक शुभारम्भ मिति २०८३ असोज २२ गते देखि गर्ने । |
| | | अपिहिमाल गाउँपालिका र दिगो पर्यटन परियोजना (STP) बीच भएको द्विपक्षिय सम्झौता बमोजिम संचालित वार्षिक कार्यक्रममा रहेको सब-ईन्जिनियर पदको रकमबाट पारिश्रमिक पाउने गरी सोही कार्यक्रममा विगत १ वर्ष देखि आंशिक करारमा कार्यरत बिनोद बोहरालाई मिति २०८३ साउन १ गते देखि सहायक (पाँचौ) तहको शुरुको तलब स्केल बराबर पारिश्रमिक पाउने गरी सेवा करार गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने। |
| | | अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को तेस्रो संशोधन नियमावली, २०८३ स्वीकृत गर्ने। |
| | | अपिहिमाल गाउँपालिका भित्र बसोबास गर्ने देउरुखी जातिलाई खस आर्यमा सूचीकृत गर्न र ओइरेजातीलाई आदिबासी जनजातिमा सूचीकृत गर्न राष्ट्रिय समावेशी आयोगलाई सिफारिस गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। |
| | | यस गाउँपालिकाको स्वीकृत दरवन्दी अनुसार रिक्त रहेको कम्प्युटर अपरेटर पदमा -१ (एक) जना र अ.हे.व. पदमा -१ (एक) जना करार सेवामा कर्मचारी भर्ना गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने। |
| | | यस गाउँपालिकाको वाल क्लव गठन तथा सहजिकरण निर्देशिका,२०८३ स्वीकृति गर्ने। |
| | | भाषा संस्कृति प्रवर्द्धन कार्यक्रमको लागि विनियोजन बजेट रकम मध्येबाट अपिहिमालको संस्कृति को अध्ययन अनुसन्धान तथा पुस्तक प्रकाशन गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने |
| | | यस गाउँपालिकाका वडा कार्यालयको काममा सहजिकरण गर्न वडा कार्यालयले आंशिक करारमा नियुक्ति गरेका कार्यालय सहयोगी कर्मचारीलाई सम्बन्धीत वडा कार्यालयको सिफारिसमा सेवा करार नियुक्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने। |
| | | अपिहिमाल गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप यहि मिति २०८३।०७।१७ गते देखि ऐ.१९ गते सम्म तीन दिन अपि हिमाल पर्यटन उत्सव मनाउने र सोका लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा सबै कार्यापालिका सदस्यहरु रहने गरी मूल आयोजक समिति गठन गर्ने |
| | | यस गाउँपालिकामा सूचना प्रविधि अधिकृत पद-१ रिक्त रहेको हुँदा सो पदका लागि आवश्यक न्यूनतम योग्यता पुगेका हाल यसै गाउँपालिकामा कार्यरत कम्प्युटर अपरेटर श्री शिशिर बोहरालाई सेवा करारमा नियुक्ति दिन गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति एवम् निर्देशन दिने |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला

| | | |
|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा | संघीय सरकारका सचिवस्तरीय निर्णयनुसार यस गाउँपालिकामा कार्यरत शिक्षक कर्मचारीको पारिश्रमिकबाट अधिकृतस्तर कर्मचारीको ७ दिनको, सहायकस्तर कर्मचारीको ५ दिन र श्रेणीविहिन कर्मचारीको २ दिनको पारिश्रमिक काटी प्रधानमन्त्री राहतकोषमा जमा गर्ने गरी गाउँ कार्यपालिकाबाट भएको काम अनुमोदन गर्ने |
| | | विगत लामो समय देखि यस गाउँपालिकामा कार्यरत बहुक्षेत्रीय पोषण सहजकर्ता कल्पना कार्कीलाई केन्द्रको निर्देशिकाले निर्धारित गरे अनुरुप सहायकस्तर (चौथो) तहको सुरु तलब स्केल अनुरुप २०८३ कार्तिक १ गते देखि लागु हुने गरी पारिश्रमिक दिन गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति एवम् निर्देशन दिने। |
| ३. | पूर्वाधार शाखा | यस गाउँपालिका गाउँ कार्यपालिकाको प्रशासकीय भवन नजिकै सेवाग्राही विश्राम घर (गोलघर) र ६ वटै वडा कार्यालय र गाउँपालिकाको प्रशासकीय भवनमा स्तनपान कक्ष निर्माणका लागि लागत अनुमान, ड्रइङ्ग डिजाईन सहित आवश्यक तयारी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन एवम् स्वीकृति दिने। |
| | | यस गाउँपालिकाको वडा नं. ४ र ३ जोड्ने सडकको नयाँ ट्र्याक खोली कामको विस्तृत सम्भाव्यता अध्ययनको काम जारी रहे सँगै सो को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) समेत गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने। |
| ४. | पर्यटन इकाई | यस गाउँपालिका पर्यटकीय ठाउँहरुको म्यूजिक भिडियोका माध्यमबाट प्रवर्द्धन गर्न गाउँ कार्यपालिकाको कार्यालयले तयार पारेको नर्म्स र लागत अनुमान स्वीकृति गर्ने। |
| ५. | कृषि शाखा | नेपाल सरकारको संघीय सशर्त अनुदानबाट साना बजेटबाट सिचाई पूर्वाधार निर्माणका लागि विनियोजन भएको बजेटबाट आवश्यक पूर्वाधार निर्माणका लागि स्वलगानि समेत गर्ने गरी किसानको सूची तयार गर्न सार्वजनिक सूचना जारी गर्ने र प्राप्त हुने निवेदन उपर थप कारवाही आगामी कार्यपालिका बैठकबाट निर्णय गर्ने गरी काम गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति एवम् निर्देशन दिने |
| ६. | रोजगार सेवा केन्द्र | यस गाउँपालिकाको आ.व. २०८३।०८४ मा अध्यक्ष रोजगार कार्यक्रमका लागि विनियोजित बजेट बाट रु ४,००,०००।- (चार लाख रुपैयाँ) का दरले प्रत्येक वडामा आवश्यक योजना तथा कार्यक्रम तयार पारी पेश गर्ने गरी गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति एवम् निर्देशन दिने |
| ७. | महिला बालबालिका तथा सामाज कल्याण इकाई | दलित लक्षित कार्यक्रमका लागि आ.व.२०८३।०८४ को विनियोजित रकमलाई देहाय अनुसार खर्च गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने।<br>देहायः<br>१) मसने मन्दिर निर्माण रु. ३,००,०००।-<br>२) बटपाला मन्दिर निर्माण रु. ३,००,०००।-<br>३) भान्छा घर निर्माण रु. ३,००,०००।-<br>४) सचेतनामूलक कार्यक्रम संचालन रु. १,००,०००,। |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता